सिमकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिमकोट, हुम्ला

कर्णाली प्रदेश नेपाल

प.स: ०७७।०७८

च.नं.

मिति :२०७७।०९।०१

**नयाँ उद्यमी सिर्जनाको लागि सीप विकास तालिम तथा स्तरउन्नतीका लागि एडभान्स सीप विकास तालिम संचालन गर्नका लागि प्राविधिक र आर्थिक प्रस्ताव आव्हान गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७७।०९।०१

यस सिमकोट गाउँपालिकामा चालु आ. व. २०७७/७८ मा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ उद्यमी सिर्जनाको लागि सीप विकास तालिम तथा स्तरउन्नतीका लागि एडभान्स सीप विकास तालिम संचालन गर्नु पर्ने भएकोले सोका लागि प्रतिस्पर्धाबाट व्यवसाय विकास सेवा प्रदायक संस्था छनौट गर्नुपर्ने भएकोले इच्छुक सेवा प्रदायक संस्था, गैह सरकारी संस्था, फर्म वा कम्पनीहरुवाट उक्त कार्यक्रम संचालन गर्नका लागि रितपूर्वकको प्राविधिक र आर्थिक प्रस्ताव आव्हान गरिएको व्यहोरा सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु

१. संस्थाले निम्नानुसारको कागजात तथा प्रमाणपत्रहरुको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

क. संस्था (व्यवसाय विकास सेवा प्रदायक संस्था, गैहसरकारी सस्था, प्राइभेट वा साझेदारी फर्म वा कम्पनी) को विधान वा प्रवन्धपत्र, नियमावलीमा स्पष्टरुपमा लघु उद्यम वा व्यबसाय विकास वा सिप विकास तालिम वा आयआर्जन क्षेत्रमा काम गर्ने उद्देश्य उल्लेख भएको ।

ख. संस्था दर्ता भएको अवधि न्यूनतम २ बर्ष पुरा भएको ।

ग. संस्थाको नविकरण अद्यावधिक भएको हुनु पर्नेछ।

घ. मूल्य अभिवृद्धिकरमा दर्ता भएको ।

ङ आ.व.२०७६/७७ को आय कर चुक्ता प्रमाण पत्र । (कर छुट सुविधा प्राप्त गरेको संस्थाले कर कार्यालयमा आफ्नो बार्षिक कारोबारको बिवरण पेश गरेको प्रमाण संलग्न हुनुपर्ने)

च. कार्यक्षेत्रगत शर्त (**TOR**) मा उल्लेख भए बमोजिम जनशक्ति भएको ।

छ. सम्बन्धित जिल्लामा मेडपा सम्बन्धी काम गरेको ।

ज. कालो सूचीमा नपरेको स्वघोषणा- पत्र ।

झ. आ.ब. २०७५/७६ र २०७६/७७ को लेखा परीक्षण भएको ।

ञ. गैर सरकारी संस्थाको हकमा समाज कल्याण परिषदमा दर्ता भएको र कम्पनीको हकमा सम्बन्धित निकायबाट काम गर्ने इजाजत प्राप्त गरेको ।

२. प्राविधिक र आर्थिक प्रस्ताव आव्हानको सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कार्यक्षेत्रगत शर्त (**TOR**) प्राप्त गर्न सकिनेछ र १६ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा प्राविधिक र आर्थिक प्रस्ताव दर्ता गराईसक्नु पर्नेछ र यसरी दर्ता भएका प्राविधिक र आर्थिक प्रस्तावहरु सोही दिनको १४:०० बजेदेखि प्रस्तावक संस्थाहरु वा निजहरुको आधिकारिक प्रतिनिधिहरुको उपस्थितिमा यस

कार्यालयमा खोलिनेछ । तर प्रस्तावक संस्थाहरु वा निजहरुको आधिकारिक प्रतिनिधिहरुको उपस्थिति नभए पनि प्राविधिक र आर्थिक प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

३. प्राविधिक र आर्थिक प्रस्ताव दर्ता गर्ने र खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछि लगत्तै कार्यालय खुलेको दिन माथि सि.नं. २ मा तोकिएको समय अनुसार नै दर्ता गर्ने र खोल्ने कार्य गरिनेछ ।

४. प्राविधिक र आर्थिक प्रस्ताव दर्ता गर्दा सिलवन्दी गरिएको खाममा हुनुपर्नेछ । रित नपुगेको, म्याद नाघी आएको र सहीछाप र सिलवन्दी नभएको प्राविधिक र आर्थिक प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

५. तोकिएको मिति र समय भित्र पर्न आएका प्राविधिक र आर्थिक प्रस्तावहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम संचालन निर्देशिका, २०७० (संशोधन सहित) बमोजिम मूल्यांकन गरी योग्यताक्रमका आधारमा संस्था छनौट गरिने छ ।

६. विस्तृत विवरण सहितको कार्यक्षेत्रगत शर्त (TOR), आशयपत्र यस गाँउ पालिका website: **www.** simkotmun.gov.np बाट Download गर्न सकिनेछ ।

७. प्राविधिक र आर्थिक प्रस्ताव स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाँउपालिकाको रहने छ ।

८. प्रचलित कानूनको अधिनमा रही तयार गरिएको यस कार्यक्षेत्रगत शर्त (**TOR**) मा उल्लेख भएका कुराहरु यसै वमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, गरिवी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम संचालन निर्देशिका, २०७७ र प्रचलित कानून बमोजिम हुनेछ ।

९. यस विषयमा थप जानकारी लिनुपर्ने भएमा यस सिमकोट गाउँपालिकाको कार्यालयकमा सम्पर्क राख्न सकिनेछ ।

उजिर रोकाया
प्रमुख प्रशासकिय अधिकृत